# महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, २०६४
## भाग – ३

नेपालको अन्तरिम संविधान, २०६३ एवं लेखापरीक्षण ऐन, २०४८ मा व्यवस्था भएबमोजिम आर्थिक वर्ष २०६३।६४ मा सम्पन्न गरेको लेखापरीक्षण र अन्य कामको विवरण समेत समावेश गरी वार्षिक प्रतिवेदन, २०६४ प्रस्तुत गरिएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२४(२) मा उल्लेख भएअनुरुप यो प्रतिवेदनमा लेखापरीक्षणबाट देखिएका कुराहरुको अतिरिक्त लेखापरीक्षण गरेका निकायको विवरण, लेखापरीक्षण बेरुजूको स्थिति, बेरुजू फछ्र्यौट गर्न गरेको प्रयास र बेरुजू फछ्र्यौटका सम्बन्धमा प्राप्त उपलब्धि तथा लेखापरीक्षण सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधारको विवरण समावेश गरिएको छ । महालेखा परीक्षकको यो चवालीसौं वार्षिक प्रतिवेदन, २०६४ को तेस्रो भाग हो ।

संविधान, लेखापरीक्षण ऐन र महालेखा परीक्षकले लेखापरीक्षण गर्नुपर्ने गरी कानूनद्वारा तोकिएका निकायहरुको आर्थिक वर्ष २०६२।६३ र त्यस अघिका बक्यौता समेतको पेश हुन आएसम्मको वित्तीय विवरण र तत्सम्बन्धी क्रियाकलापहरुको लेखापरीक्षण सम्पन्न गरी देखिन आएका मुख्य व्यहोरा निम्नानुसार प्रस्तुत गरिएको छः

**सार–सङ्क्षेप:** महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, २०६४ को निम्नानुसार भाग १, २, ३, ४ र ५ मा उल्लेखित मुख्य मुख्य व्यहोरा सार–सङ्क्षेपको रुपमा प्रस्तुत गरिएको छ ।

भाग – १: **सरकारी कार्यालय** – सर्वोच्च अदालत, संवैधानिक निकायहरु, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, अदालत लगायत सबै सरकारी कार्यालयहरुको विनियोजन, राजस्व, धरौटी र अन्य आय–व्ययको लेखापरीक्षणबाट देखिएका व्यहोरा यस भागमा उल्लेख छ ।

भाग – २: **कार्यमूलक लेखापरीक्षण** – आयोजना, कार्यक्रम तथा विषयको मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतको दृष्टिकोणबाट परीक्षण गरी देखिएका व्यहोरा यस भागमा प्रस्तुत गरिएको छ ।

भाग – ३: **संगठित संस्था, समिति र अन्य संस्था** – नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्था, समिति तथा अन्य संस्थाको लेखापरीक्षण र सरकारको अधिकांश स्वामित्व भएको संस्थाको लेखापरीक्षणबारे परामर्श दिएको समेतको व्यहोरा यस भागमा समावेश छ ।

भाग – ४: **जिल्ला विकास समिति** – जिल्ला विकास समिति ७५ तथा स्थानीय विकास कोषको लेखापरीक्षणबाट देखिएका व्यहोरा यस भागमा समावेश छ ।

भाग – ५: **सरकारी कार्यालयको आर्थिक विवरण** – सर्वोच्च अदालत, संवैधानिक निकायहरु, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, अदालत लगायतका सबै सरकारी कार्यालयहरुको विनियोजनतर्फको उपशीर्षकगत आर्थिक विवरण, राजस्व र धरौटीको निकाय/मन्त्रालयगत आर्थिक विवरण यस भागमा समावेश गरिएको छ ।

वित्तीय विवरणहरु समयमा तयार गरी लेखापरीक्षण गराउनु पर्ने उत्तरदायित्त्व व्यवस्थापनमा रहेको हुन्छ । व्यवस्थापनले तयार गरेका वित्तीय विवरणहरुको परीक्षण गरी त्यस उपर आफ्नो मन्तव्य जारी गर्नु लेखापरीक्षकको कर्तव्य हो । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्न पेश भएसम्मका प्रमाणको परीक्षण गरिएको छ । संस्थाहरुले अवलम्बन गरेको लेखा सिद्धान्त, लेखा नीति र प्रचलित लेखामान समेतको आधारमा व्यवस्थापनले अवलम्बन गरेको अनुमान एवं नियन्त्रण व्यवस्था र वित्तीय विवरणको मूल्याङ्कन समेत गरिएको छ ।

१. **कानूनी व्यवस्था** – लेखापरीक्षण ऐन, २०४८ को दफा ६ ले नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखा परीक्षकद्वारा हुने, यस्ता संस्थाको लेखापरीक्षण गर्न महालेखा परीक्षकले नभ्याउने भएमा प्रचलित कानून बमोजिम प्रमाण–पत्र प्राप्त लेखापरीक्षकहरुलाई नियुक्ति गर्न सक्ने व्यवस्था छ । त्यसै गरी ऐनको दफा ७ मा नेपाल सरकारको अधिकांश स्वामित्त्व भएको संगठित संस्थाहरुको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गर्दा महालेखा परीक्षकको परामर्श लिनुपर्ने व्यवस्था छ । महालेखा परीक्षकबाट परामर्श प्राप्त लेखापरीक्षकलाई संस्थाको साधारण सभाले नियुक्ति गर्दछ ।

नेपाल सरकारका पूर्ण र अधिकांश स्वामित्वका संगठित संस्था बाहेक ऐन, कानूनद्वारा पनि संस्था गठन भएका छन् । नेपालको अन्तरिम संविधान, २०६३ ले कानूनद्वारा तोकिएका निकायहरुको लेखापरीक्षक पनि महालेखा परीक्षकले नियुक्त गर्ने व्यवस्था गरेको हुनाले ऐनहरु जस्तै विकास समिति ऐन, २०१३ अन्तर्गत गठित संस्था, कार्यसञ्चालन कोष ऐन अन्तर्गत गठित संस्था, विश्वविद्यालय ऐन अन्तर्गत गठित संस्थाहरुको लेखापरीक्षण यस कार्यालयबाट हुने गरेको छ । ती संस्थाको लेखापरीक्षणका मुख्य व्यहोराहरु प्रतिवेदन, २०६४ को यस भागमा समावेश छ ।

२. **गठन** – नेपाल सरकारले विभिन्न ऐन, नियम, निर्णय र आदेशानुसार पूर्ण स्वामित्त्व भएका संगठित संस्था/समिति तथा अन्य संस्थाहरु गठन गरेको छ । त्यस्ता ऐन, नियम, निर्णय संख्याहरु १३८ बाट ७९० संस्था गठन भएका छन् । तत्सम्बन्धी विवरण निम्नानुसार छ:

| क्र.सं. | विवरण | ऐन, नियम र निर्णय संख्या | संस्था संख्या |
|---|---|---|---|
| १. | विकास समिति ऐन, २०१३ | १ | ८४ |
| २. | कार्य सञ्चालन कोष ऐन, २०४३ | १ | २९ |
| ३. | नगर विकास समिति ऐन, २०४५ | १ | ४३ |
| ४. | कम्पनी ऐन, २०६३ | १ | २२ |
| ५. | सञ्चार तथा संस्थान सम्बन्धी ऐनहरु | २ | ७ |
| ६. | बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐनहरु | ६ | ६ |
| ७. | प्राधिकरण सम्बन्धी ऐनहरु | ३ | ३ |
| ८. | शिक्षा, खेलकुद र विश्वविद्यालय सम्बन्धी ऐनहरु | ९ | २६३ |
| ९. | स्थानीय स्वायत्त शासन ऐन, २०५५ | १ | ७५ |
| १०. | अन्य ऐन र नियमहरु | ४७ | १४३ |
| ११. | मन्त्रिपरिषद्को तथा अन्य निर्णय आदेश | ६६ | ११५ |
| | **जम्मा:** | **१३८** | **७९०** |

३. **लेखापरीक्षण स्थिति** – सरकारको पूर्ण स्वामित्त्व भएका संगठित संस्था, विकास समिति ऐन र अन्य कानून अन्तर्गत गठित समिति र कानूनद्वारा तोकिएका अन्य कार्यालय तथा संस्थाको देहायबमोजिम रु.५ खरब ३३ अरब ६८ करोड ९४ लाख ४९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ ।

(रु.हजारमा)

| विवरण | लेखापरीक्षण गर्नुपर्ने इकाई | लेखापरीक्षण सम्पन्न | | बाँकी इकाई |
|---|---|---|---|---|
| | | इकाई | रकम | |
| (क) <u>२०६२।६३</u> | | | | |
| १. संगठित संस्था | ३७ | २९ | ४,६५,३७,८६,२१ | ८ |
| २. समिति | २५२ | २४४ | ४,४४,३९,५७ | ८ |
| ३. अन्य संस्था | ३९८ | ३७५ | ४७,८०,५९,४४ | २३ |
| ४. अस्पताल सहयोग समिति | २८ | २८ | २,५५,६० | - |
| **जम्मा:** | **७१५** | **६७६** | **५,१७,६५,४०,८२** | **३९** |
| (ख) <u>बक्यौता</u> | | | | |
| १. संगठित संस्था | २२ | ११ | १२,७६,८९,०९ | ११ |
| २. समिति | १९३ | ७ | १,३७,२२ | १८६ |
| ३. अन्य संस्था | ४१९ | २६ | ३,२५,२६,१४ | ३९३ |
| ४. अस्पताल सहयोग समिति | ४४ | ४ | १,२२ | ४० |
| **जम्मा:** | **६७८** | **४८** | **१६,०३,५३,६७** | **६३०** |
| **कुल जम्मा:** | **१३९३** | **७२४** | **५,३३,६८,९४,४९** | **६६९** |

# संगठित संस्था

## ● पूर्ण स्वामित्वका संगठित संस्थाको लेखापरीक्षण

४. **कानूनी व्यवस्था** – लेखापरीक्षण ऐन, २०४८ को दफा ६ ले नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षण व्यवस्था गरेको छ । ऐनको दफा ६ उपदफा (१) ले पूर्ण स्वामित्वका संगठित संस्थाको लेखापरीक्षण महालेखा परीक्षकबाट हुने गरी तोकिएको छ भने उपदफा (२) ले त्यस्ता संस्थाको लेखापरीक्षण गर्न महालेखा परीक्षकले नभ्याएमा निजले प्रचलित कानून बमोजिम प्रमाण पत्र प्राप्त लेखापरीक्षकलाई नियुक्ति गरी लेखापरीक्षण गर्ने व्यवस्था गरेको छ ।

५. **लेखापरीक्षण** – नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरुको संख्या ३७ रहेको छ । यीमध्ये कम्पनी ऐन अनुसार २२, बिशेष ऐन अनुसार ७, संस्थान ऐन अनुसार २, सञ्चार संस्थान ऐन अनुसार २, बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन अनुसार १ र प्राधिकरण ऐन अनुसार ३ संस्था सञ्चालित छन् । बक्यौता र चालु बर्षको गरी यी संस्थाको जम्मा ५९ आर्थिक बर्षको लेखापरीक्षण सम्पन्न हुनुपर्नेमा चालु बर्षको २९ संस्थाले र बक्यौता ८ संस्थाको ११ बर्षको समेत ४० बर्षको लेखापरीक्षण सम्पन्न भएको छ ।

६. **अद्यावधिक लेखापरीक्षण** – लेखापरीक्षण अध्यावधिक गराउने २९ संस्थामध्ये निम्नानुसार १६ संस्थाको २०६२।६३ को अन्तिम लेखापरीक्षण प्रतिवेदन र १३ संस्थाको २०६२।६३ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

| क्र.सं. | अन्तिम लेखापरीक्षण | क्र.सं. | प्रारम्भिक लेखापरीक्षण |
|---|---|---|---|
| १ | नेपाल राष्ट्र बैंङ्क | १ | नेशनल ट्रेडिङ लिमिटेड |
| २ | नागरिक लगानी कोष | २ | राष्ट्रिय बाणिज्य बैंङ्क |
| ३ | राष्ट्रिय समाचार समिति | ३ | ग्रामीण आवास कम्पनी लिमिटेड |
| ४ | कर्मचारी सञ्चय कोष | ४ | नेपाल खाद्य संस्थान |
| ५ | नेपाल टेलिभिजन | ५ | नेपाल खानेपानी संस्थान |
| ६ | जनकपुर चुरोट कारखाना लिमिटेड | ६ | नेपाल पारवाहन तथा गोदाम व्यबस्था कम्पनी लिमिटेड |
| ७ | जनक शिक्षा सामग्री केन्द्र लिमिटेड | ७ | नेपाल औषधी लिमिटेड |
| ८ | कृषि सामग्री कम्पनी लिमिटेड | ८ | कृषि चुन उद्योग लिमिटेड |
| ९ | नेपाल दूर सञ्चार प्राधिकरण | ९ | जडिबूटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड |
| १० | नेपाल दूर सञ्चार कम्पनी लिमिटेड | १० | सूर्ती बिकास कम्पनी लिमिटेड (ईन लिक्विडेशन) |
| ११ | नेपाल बिद्युत प्राधिकरण | ११ | नेपाल नागरिक उड्डयन प्राधिकरण |
| १२ | सांस्कृतिक संस्थान | १२ | नेपाल रोजिन एण्ड टर्पेन्टाईन लिमिटेड |
| १३ | नेशनल कन्ष्ट्रक्सन कम्पनी नेपाल लिमिटेड | १३ | हेटैाडा सिमेण्ट उद्योग लिमिटेड |
| १४ | हेटौंडा कपडा उद्योग लिमिटेड | | |
| १५ | राष्ट्रिय बीउबिजन कम्पनी लिमिटेड | | |
| १६ | लुम्बिनी चिनी कारखाना लिमिटेड (२०६२ श्रावण मसान्तसम्म) | | |

७. **बक्यौताको लेखापरीक्षण** – गत वर्षसम्म विभिन्न १० संस्थाको २२ वर्ष संख्याको लेखापरीक्षण गराउन बाँकी रहेकोमा यो वर्ष ८ संस्थाको ११ वर्ष संख्याको लेखापरीक्षण सम्पन्न भएको छ । सोमध्ये ६ संस्थाको बक्यौता लेखापरीक्षण सम्पन्न भए तापनि द टिम्बर कर्पोरेशन अफ नेपाल, नेपाल वायु सेवा निगम र गोरखापत्र संस्थानले प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन उपर जवाफ र सञ्चालक समितिबाट पारित वित्तीय विवरण उपलव्ध नगराएकोले अझै बक्यौता लेखापरीक्षण टुङ्गिन सकेको छैन ।

८. **लेखापरीक्षण बक्यौता** – देहायमा उल्लेखित ८ संस्थाले अझै पनि अद्यावधिक लेखापरीक्षण नगराइ १९ वर्ष संख्याको बाँकी राखेका छन् ।

| क्र.सं. | संस्था | आर्थिक वर्ष | वर्ष संख्या |
|---|---|---|---|
| १ | कृषि औजार कारखाना लिमिटेड | २०५८।५९–२०६२।६३ | ५ |
| २ | भक्तपुर ईटा कारखाना लिमिटेड | २०५९।६०–२०६२।६३ | ४ |
| ३ | नेपाल रेल्वे कम्पनी लिमिटेड | २०६०।६१–२०६२।६३ | ३ |

| | | | |
|---|---|---|---|
| ४ | नेपाल बायुसेवा निगम | २०६१।६२–२०६२।६३ | २ |
| ५ | द टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड | २०६१।६२–२०६२।६३ | २ |
| ६ | गोरखापत्र संस्थान | २०६२।६३ | १ |
| ७ | उदयपुर सिमेण्ट उद्योग लिमिटेड | २०६२।६३ | १ |
| ८ | दुग्ध बिकास संस्थान | २०६२।६३ | १ |
| | | **जम्मा वर्ष संख्या** | **१९** |

कृषि औजार कारखाना लिमिटेड र भक्तपुर इटा कारखाना लिमिटेड लिक्विडेशनमा गएका छन् । लिक्विडेशनमा गए तापनि लिक्विडेशन कार्यको छिनोफानो नभएसम्मको अवधिको लेखापरीक्षण गराउनु पर्नेमा नगराई बक्यौता राखेका छन् ।

गोरखापत्र संस्थानको २०६२।६३ को प्रारम्भिक चरणको लेखापरीक्षण समाप्त भइसकेको तर व्यबस्थापनले बित्तीय बिबरण तयार गरी पेश नगरेको कारणबाट अन्तिम लेखापरीक्षण सम्पन्न हुन नसकी बक्यौता रहन गएको छ । द टिम्बर कर्पोरेशन अफ नेपालको २०६१।६२ को लेखापरीक्षणको लागि व्यबस्थापनबाट भएको अनुरोध बमोजिम लेखापरीक्षक खटाइएकोमा लेखा पेश नगरेको कारण लेखापरीक्षण हुन सकेको छैन । आर्थिक वर्ष २०६२।६३ को द टिम्बर कर्पोरेशन अफ नेपाल, नेपाल वायु सेवा निगम र नेपाल रेलवे कम्पनीको लेखा तयार नगरेकोले बक्यौता रहेको छ ।

९. **प्रारम्भिक प्रतिवेदनको जवाफ** – यो वर्ष १० संस्थाको २५ वर्षको लेखापरीक्षण सम्पन्न गरी सोको प्रारम्भिक प्रतिवेदन सञ्चालक समिति/अधिकार प्राप्त अधिकारीलाई उपलव्ध गराइएकोमा तद् समिति/अधिकारीबाट प्रमाणित वित्तीय विवरण सहितको जवाफ लेखापरीक्षकलाई उपलव्ध गराउनु पर्नेमा नगराएको कारणबाट लेखापरीक्षण सम्पन्न हुन सकेको छैन । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर जवाफ नदिने संस्थाहरु सूर्ती विकास कम्पनी लिमिटेड (इनलिक्विडेशन) ८ वर्ष, कृषि चुन उद्योग लिमिटेड ५ वर्ष, नेपाल रोजिन एण्ड टर्पेन्टाइन लिमिटेड ४ वर्ष, द टिम्बर कर्पोरेशन अफ नेपाल २ वर्ष, हेटौंडा सिमेण्ट उद्योग लिमिटेड, नेशनल ट्रेडिङ लिमिटेड, नेपाल वायु सेवा निगम, नेपाल खानेपानी संस्थान, नेपाल खाद्य संस्थान, र गोरखापत्र संस्थान प्रत्येकको १।१ वर्षको रहेका छन् ।

१०. **नाफा नोक्सानको स्थिति** – लेखापरीक्षण सम्पन्न भएका २९ संस्थामध्ये नेपाल दूर सञ्चार प्राधिकरण र कर्मचारी सञ्चय कोषमा शेयरको रुपमा सरकारी लगानी भएको छैन । नागरिक लगानी कोषमा न्यून रकम मात्र शेयर लगानी भएको छ । बाँकी २६ संस्थाको नाफा नोक्सानको स्थिति हेर्दा यो वर्ष ८ संस्थाको कुल पूँजी रु.३१ अरब ४० करोड ६ लाख ४६ हजार छ । ती संस्थाले रु.१८ अरब ६२ करोड १२ लाख ८७ हजार नाफा आर्जन गरेका छन् । बाँकी १८ संस्था पूँजी कोष रु.२३ अरब ७४ करोड १४ लाख ३५ हजार छ । ती संस्थाले रु.१ अरब ६५ करोड ६३ लाख ३८ हजार नोक्सान व्यहोरेका छन् ।

यो वर्ष नाफा गर्ने संस्थाहरुमा नेपाल राष्ट्र बैङ्क रु.११ अरब ६२ करोड १० लाख २३ हजार, नेपाल दूर सञ्चार कम्पनी रु.४ अरब ९३ करोड ६६ लाख ४७ हजार, राष्ट्रिय बाणिज्य बैङ्क रु.१ अरब ६२ करोड २८ लाख ३८ हजार र नेपाल नागरिक उड्डयन प्राधिकरण रु.३६ करोड ९७ लाख २४ हजार उल्लेख्य छन् । त्यस्तै सबैभन्दा बढी नोक्सान व्यहोर्ने संस्थामा नेपाल विद्युत प्राधिकरणको रु.१ अरब २८ करोड ७८ लाख ३४ हजार रहेको छ । नेपाल राष्ट्र बैङ्कले यो वर्ष विदेशी विनिमयबाट रु.६ अरब २३ करोड ३६ लाख ४८ हजार मुनाफा आर्जन गरेको छ । राष्ट्रिय बाणिज्य बैङ्कको विगत वर्ष कर्जामा गरिएको शंकास्पद व्यवस्थालाई यो वर्ष पुन: आय लेखाङ्कन गरेको रु.१ अरब ५१ करोड ५७ लाख ६३ हजार समेत रु.१ अरब ६२ करोड २८ लाख ३८ हजार मुनाफा देखाएको छ तापनि यथार्थमा यो रकम कार्य सञ्चालनबाट आर्जित मुनाफा होइन ।

समग्रमा हेर्दा यो वर्ष २६ संस्थाको कुल पूँजी कोष रु.५५ अरब १४ करोड २० लाख ८१ हजारसँग यो वर्षसम्मको सञ्चित नाफा नोक्सान तुलना गर्दा ती संस्थाहरुमा खुद सञ्चित नोक्सानी रु.२३ अरब ५४ करोड २२ लाख ७३ हजार कुल पूँजी कोषको ४२.६९ प्रतिशत देखिएको छ । ठूलो रकमको सञ्चित नोक्सानी हुने संस्थाहरुमा राष्ट्रिय बाणिज्य बैङ्क रु.२० अरब ८२ करोड ६२ लाख ८० हजार र नेपाल विद्युत प्राधिकरण रु.६ अरब ९ करोड ५९ लाख २९ हजार रहेका छन् ।

प्रायश: संस्थाहरु नोक्सानीमा जानुको मुख्य कारण आन्तरिक नियन्त्रण प्रणाली फितलो हुनु, आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन नसक्नु, उत्पादन लागतमा वृद्धि हुनु, पूर्ण क्षमतामा सञ्चालन हुन नसक्नु, संस्थाहरुप्रतिको सरकारी नीति प्रष्ट हुन नसक्नु, सञ्चालक समितिको निर्णय वस्तुपरक नहुनु, सञ्चालक समितिको जिम्मेवारी बोध नहुनु, संस्थाको क्रियाकलापको बारेमा नियमनकारी निकायबाट समयमा प्रभावकारी रुपमा अनुगमन हुन नसक्नु आदि प्रमुख रुपमा रहेका छन् ।

११. **समायोजन स्थिति** – नेपाल खानेपानी संस्थान, नेपाल खाद्य संस्थान, जनकपुर चुरोट कारखाना लिमिटेड, नेपाल दूर सञ्चार कम्पनी, नेपाल नागरिक उड्डयन प्राधिकरण लगायतका १० संस्थाहरुले देखाएको नाफा नोक्सानको स्थिति र व्यवस्था हिसाबको अध्ययन गर्दा रु.३ अरब ८ करोड ७० लाख ४२ हजार थप दायित्व व्यवस्था गर्नुपर्ने देखिएको छ ।

कर्मचारीहरुले नियमानुसार पाउने उपदान, औषधोपचार, सञ्चय कोष लगायतका विभिन्न दायित्वको व्यवस्था नगर्नु वा कम गर्नु, ऋण रकममा व्याजको व्यवस्था कम गर्नु, वैदेशिक ऋणमा सटही नोक्सानी नदेखाउनु, पुरानो लगानी ऋण तथा पेश्कीको सम्बन्धमा कुनै व्यवस्था नगर्नु, गरेकोमा पनि पर्याप्त नहुनु, लगानीको उचित तवरले हिसाब नराखी व्याजको व्यवस्था नगर्नु, निर्माण सम्पन्न भई प्रयोगमा आइसकेको सम्पत्तिलाई पूँजीकरण नगरी ह्रास कट्टी नदेखाउनु आदि व्यहोराहरु यो वर्ष पनि यथावत देखिएकोले दायित्वमा थप व्यवस्था गर्नुपर्ने स्थिति रहेको छ ।

१२. **लाभांश** – नेपाल राष्ट्र बैङ्कले यो वर्षको रु.३ अरब ४१ करोड ९२ लाख ६७ हजार, नेपाल दूर सञ्चार कम्पनीले गत वर्षको समेत रु.८८ करोड ९२ लाख ३४ हजार, नेपाल नागरिक उड्डयन प्राधिकरणको गत वर्षसम्मको रु.६७ करोड ३ लाख २० हजार र जनक शिक्षा सामग्री केन्द्रको यो वर्षको रु.६४ लाख ६९ हजार समेत जम्मा रु.४ अरब ९८ करोड ५२ लाख ९० हजार लाभांश नेपाल सरकारको खातामा दाखिला गर्न बाँकी राखेको छ । सो बाहेक राष्ट्रिय बाणिज्य बैङ्कको गत वर्षको समेत रु.३ करोड ९३ लाख ५० हजार अग्राधिकार शेयरमा छुट्याएको लाभांश पनि दाखिला हुन सकेको छैन ।

हेटौंडा सिमेण्ट उद्योग लिमिटेड, जनक शिक्षा सामग्री केन्द्र, राष्ट्रिय वीउविजन कम्पनी लिमिटेड, जनकपुर चुरोट कारखाना लिमिटेडले यो वर्ष र द टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड, नेपाल वायु सेवा निगमले २०६०।६१ मा नाफा देखाए तापनि लाभांश छुट्याएका छैनन् ।

१३. **स्थिर सम्पत्ति** – लेखापरीक्षणमा पेश भएसम्मको वित्तीय विवरण अनुसार २९ संस्थामा रु.१ खरब ४९ अरब ११ करोड ८० लाख ९६ हजारको स्थिर सम्पत्ति रहेकोमा रु.६३ अरब ९४ करोड ८४ लाख ९८ हजार बराबर ह्रास कट्टी खर्च भई रु.८५ अरब १६ करोड ९५ लाख ९८ हजारको सम्पत्ति मौज्दात रहेको देखिएको छ । दश संस्थाको निर्माणाधीन सम्पत्ति रु.२८ अरब ८९ करोड ६३ लाख ९ हजार समेत कुल सम्पत्ति रु.१ खरब १४ अरब ६ करोड ५९ लाख ७ हजार पुगेको छ ।

समयमै पूँजीकरण नगरेबाट कम ह्रास कट्टी भएको, सम्पत्ति अभिलेख अद्यावधिक नराखेको, पर्याप्त प्रमाण बेगर पूँजीकरण गरेको, हराएका, नासिएका वा निसर्ग गरिएका सम्पत्तिहरुबाट भएको नाफा नोक्सान यकिन गरी समायोजन गर्ने नगरेको, पुनर्मूल्याङ्कन गर्दा प्रक्रिया नपुर्‍याई मूल्याङ्कन गरेको, सम्पत्तिहरुको बीमा नगरेको, जग्गाको स्वामित्व प्राप्त नगरेको तथा रजिष्ट्रेशन खर्च बापत दायित्वको व्यवस्था नगरेको, भौतिक परीक्षण गरी लगत अद्यावधिक नराखेको, क्षतिग्रस्त भएको सम्पत्ति पनि साविक बमोजिम नै मौज्दात कायम गरेको जस्ता व्यहोरा देखिएको छ ।

१४. **पेश्की तथा असामी** – यो वर्ष लेखापरीक्षण भएका २९ संस्थामध्ये १७ संस्थामा कर्मचारी पेश्की रु.११ करोड ३२ लाख १२ हजार, २१ संस्थामा कर्मचारी सापटी रु.५ अरब ३९ करोड ४० लाख ८६ हजार, २६ संस्थामा अन्य पेश्की तथा धरौटी रु.१० अरब ६१ करोड १८ लाख ७ हजार र २४ संस्थामा असामी रु.४२ अरब १० करोड ४४ लाख ११ हजार रहेकोमा ९ संस्थाको असामी शंकास्पद व्यवस्था बापत रु.२ अरब १७ करोड ४८ लाख ८८ हजार कटाउँदा खूद बाँकी रु.५६ अरब ४ करोड ८६ लाख २८ हजार पेश्की तथा असामी रहेको छ ।

असामी तथा पेश्की रकम असुल फछ्र्यौट गर्न तदारुकता नदेखाएको, आयु वर्गीकरण नगरेको, पहिलो पेश्की फछ्र्यौट नभई पुन:पेश्की दिने गरेको, आवश्यकताभन्दा बढी पेश्की दिने गरेको, नर्म्सभन्दा बढी छिज (जर्ति) भएमा बढी छिजको हुने मूल्य तत्काल असुल नगरी सम्बन्धित व्यक्तिको नाममा पेश्की देखाई हिसाब मिलान गर्ने गरेको, सामान प्राप्त भइसक्दा पनि प्रतितपत्र हिसाब फछ्र्यौट नगरेको, सरकार तथा अन्य निकायहरुसँगको लिनु दिनुपर्ने हिसाब यकिन नगरेको, लिनुपर्ने रकमको सम्बन्धित पक्षबाट समर्थन पत्र लिने नगरेको, असामी हिसाब देखाउँदा नाम नामेसी सहित नदेखाई एकमुष्ट मात्र देखाउने गरेको, शंकास्पद असामीको लागि पर्याप्त व्यवस्था नगरेको जस्ता अनियमितता देखिएका छन् ।

१५. **शेयर पूँजी** – चौध संस्थाले देखाएको शेयर पूँजी/पूँजीकोष र महालेखा नियन्त्रक कार्यालयले देखाएको सरकारी शेयर पूँजी/पूँजीकोष प्रतिवेदन अनुसार ४ संस्थामा रु.४ अरब १६ करोड ६० लाख ५३ हजार घटी र १० संस्थामा रु.१५ अरब ९१ करोड २९ लाख ७३ हजार बढी छ । यस्तो घटीबढी समायोजन गर्दा पनि रु.११ अरब ६२ करोड ७४ लाख १६ हजार फरक देखिएको छ । घटी देखाउनेमा नेपाल नागरिक उड्डयन प्राधिकरण रु.३ अरब ७६ करोड ५३ लाख ४६ हजार र बढी देखाउनेमा नेपाल दूर सञ्चार कम्पनी रु.१३ अरब ७३ करोड २० लाख ५९ हजार तथा नेपाल विद्युत प्राधिकरण रु.१ अरब ८० करोड ३६ लाख ११ हजार रहेका छन् । यसरी शेयर पूँजी/पूँजी कोष फरक परेकोमा महालेखा नियन्त्रक कार्यालय तथा संस्था दुबै पक्षले हिसाब यकिन गर्नेतर्फ कुनै प्रयास गरेको देखिएन ।

१६. **आयकर** – आयकर तिर्नुपर्ने दायित्व भएका १६ संस्थामध्ये ११ संस्थाले लेखापरीक्षण भएको वर्षसम्म आयकर बापत रु.६ अरब ९९ करोड ७९ लाख ८६ हजार व्यवस्था गरेका छन् । सो ११ संस्था मध्येका ८ संस्थाले रु.६ अरब ४२ करोड ८८ लाख ९९ हजार अग्रिम कर दाखिला गरेका छन् भने ३ संस्थाले दाखिला गरेका छैनन् । त्यस्तै ५ संस्थाले आयकरको सम्बन्धमा कुनै व्यवस्था गरेका छैनन् तर अग्रिम आयकर बापत रु.१ अरब ४७ करोड ३९ लाख ८९ हजार दाखिला गरेका छन् । यसरी १६ संस्थाले रु.७ अरब ९० करोड २८ लाख ८८ हजार अग्रिम कर बापत दाखिला गरेकोमा सबैभन्दा बढी अग्रिम कर दाखिला गर्ने संस्थामा नेपाल दूर सञ्चार कम्पनी लिमिटेड रु.६ अरब २३ करोड ७१ लाख ५७ हजार र नेपाल विद्युत प्राधिकरण रु.१ अरब १५ करोड ३९ लाख ४७ हजार रहेको छ ।

त्यस्तै चालु वर्ष कृषि सामग्री कम्पनी लिमिटेड, ग्रामिण आवास कम्पनी लिमिटेड, सूर्ती विकास कम्पनी लिमिटेड र राष्ट्रिय बाणिज्य बैङ्कले स्रोतमा कट्टी गरेको कर रु.२ करोड ८० लाख ६२ हजार आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेका छैनन् ।

राष्ट्रिय बाणिज्य बैङ्क, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल खानेपानी संस्थान, नेपाल टेलिभिजन, कृषि चुन उद्योगले यो वर्षको पारिश्रमिक तथा खरिदमा भुक्तानी गर्दा स्रोतमा कट्टी गर्नुपर्ने रु.११ लाख २८ हजार कर कट्टी गरेका छैनन् । साथै नेपाल वायु सेवा निगमले २०६०।६१ को पारिश्रमिक र एजेन्सी कमिशनमा गरी रु.२० लाख ७२ हजार स्रोतमा कर कट्टी गरेको छैन ।

१७. **रोयल्टी** – नेपाल विद्युत प्राधिकरण, नेपाल दूर सञ्चार कम्पनी लिमिटेड, नेपाल रोजिन एण्ड टर्पेन्टाइन लिमिटेड र नेपाल टेलिभिजनले रु.१ अरब ५० करोड ६८ हजार सरकारलाई रोयल्टी भुक्तानी गर्न बाँकी राखेका छन् । उक्त रकममध्ये नेपाल टेलिभिजनले रोयल्टी बापत दाखिला गर्नुपर्ने रु.९८ लाख ४ हजारको व्यवस्था समेत गरेको छैन ।

१८. **ऋण तथा व्याज** – नेपाल सरकारसँग वैदेशिक तथा आन्तरिक ऋण लिई सञ्चालन भएका १८ संस्थाको वैदेशिक ऋण रु.५६ अरब ९१ करोड २९ लाख १८ हजार र आन्तरिक ऋण रु.४ अरब १६ करोड ९८ लाख २१ हजार समेत रु.६१ अरब ८ करोड २७ लाख ३९ हजार छ । साँवा ऋण बुझाउन पुरै बाँकी छ भने सोको व्याज बापत १० संस्थाले रु.१० अरब ४६ करोड १० लाख ५१ हजार पनि भुक्तानी गर्न बाँकी राखेका छन् । व्याज तिर्न बाँकी रहेकोमा नेपाल विद्युत प्राधिकरणको रु.८ अरब ११ करोड ५२ लाख ८० हजार र नेपाल नागरिक उड्डयन प्राधिकरणको रु.१ अरब ४४ करोड ७१ लाख २४ हजार उल्लेख्य छ । उपरोक्त ऋण रकममा समावेश भएको नेपाल खानेपानी संस्थानको ऋण रु.२ अरब २० करोड ४४ लाख ६७ हजारमध्ये रु.३३ करोड २६ लाख ७० हजार भाखा नाघिसकेको छ ।

१९. **निजीकरण र खारेजी** – आर्थिक उदारीकरण तथा खुला बजार अर्थतन्त्रको नीतिगत सिद्धान्त अनुसार सरकारी संस्थाबाट प्रदान भइरहेको सेवा निजी क्षेत्र मार्फत प्रदान गर्ने र निजीक्षेत्रलाई अगाडि ल्याउने उद्देश्य लिई २०५० सालदेखि सरकारले आफ्नो पूर्ण तथा अधिकांश स्वामित्व भएका संस्थालाई नियोजित ढङ्गबाट निजीकरण गर्दै जाने र निजीकरण हुन नसकेकालाई खारेजी गर्ने लक्ष्य लिई निजीकरण तथा खारेजीको कार्य अगाडि बढाएको छ । हालसम्म यस्ता संस्थाको संख्या २९ छ । खारेजीमा परेका केही संस्थाको लामो समय व्यतित भइसक्दा पनि सम्पत्ति बिक्री तथा दायित्व भुक्तानी कार्य सम्पन्न नभई समयमात्र लम्बिएकोले सरकारलाई प्रशासनिक खर्चको अनावश्यक व्ययभार व्यहोर्न परिरहेको छ । उदाहरणार्थ सूर्ती विकास कम्पनी, हेटौंडा कपडा उद्योग, नेपाल यातायात संस्थान, कृषि औजार कारखाना आदि छन् । अधिकांश स्वामित्व भएको मेची र सगरमाथा धान चामल निर्यात कम्पनी र सुदुरपश्चिमान्चल सेती महाकाली धान चामल निर्यात कम्पनी २४ वर्ष अगाडि विघटन गरेकोमा लिक्विडेशनको कार्य अझै टुङ्गिन सकेको छैन ।

निजीकरण भएका संस्थाहरुमा पनि बालाजु कपडा उद्योग, भक्तपुर इटा कारखानामा निजीकरण अघिको सम्पत्ति मूल्याङ्कन र निजीकरण हुदाको अवस्थाको मौजुदा सम्पत्ति मुल्याङ्कनमा फरक पर्न आएको कारण लामो समयसम्म खरिदकर्ता र सरकारबीच विवाद रही निजीकरणको कार्य टुङ्गिन सकेको छैन । विवाद समाधान गरी छिटो कार्य टुङ्ग्याउन नसक्दा अनावश्यक प्रशासनिक व्ययभार पर्न गएको छ ।

भक्तपुर इटा कारखाना २०५६ मा निजीकरण गर्ने भनिए तापनि सो नगरी व्यवस्थापन करार, सम्पत्ति भाडामा दिने आदि गरेको र सो कारणबाट उठेको विवाद नटुङ्गेकोले हालै मात्र सरकारले लिक्विडेटर नियुक्ति गरेको छ । लिक्विडेटरलाई २०६४ आश्विन मसान्तसम्ममा प्रतिवेदन पेश गर्ने म्याद तोकेको छ तापनि लिक्विडेशन कार्य अझै लम्बिने अवस्थामा छ ।

हेटौंडा कपडा उद्योगको लिक्वीडेशनको कार्य सम्पन्न गर्न पटक पटक गरी लिक्विडेटरको म्याद २०६४ आषाढ मसान्तसम्मको लागि थप भएको छ । थप अवधिमा पनि कार्य सम्पन्न भएको छैन ।

लिक्विडेशनमा गएका संस्थाहरुको लिक्विडेशन सम्बन्धी कार्य गर्न नियुक्त भएका लिक्विडेटरहरुले पनि आफूलाई तोकिएको काम तोकिएको समयमा सम्पन्न नगरिदिएकोले पनि लामो समयसम्म संस्थाको सम्पत्ति तथा दायित्व छिनोफानो भएको छैन । बाँसवारी छाला जुत्ता कारखाना, हरिसिद्धी इटा टायल कारखाना, भृकुटी कागज कारखाना २०५० मा लिक्विडेशनमा गए तापनि हालसम्म कम्पनी दर्ता खारेजी भएको देखिएन ।

नेपाल कोल लिमिटेड २०५८ मा लिक्विडेशनमा गएतापनि अझै लिनुदिनु पर्ने हिसाब फरफारक हुन सकेको छैन ।

२०. **लेखापरीक्षण समिति** – कम्पनी ऐन, २०६३ को दफा १६४मा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको प्रत्येक कम्पनीले कम्तिमा ३ सदस्य रहेको एक लेखापरीक्षण समिति गठन गर्नुपर्ने उल्लेख गरेको भएता पनि प्रायश: कम्पनीहरुले लेखापरीक्षण समिति गठन गरेका छैनन् ।

२१. **आय विवरण दाखिला** – संस्थाले आर्थिक बर्ष समाप्त भएको ३ महिनाभित्र र म्याद थप भएमा अर्को ३ महिनाभित्र अर्थात पौष मसान्तभित्र आय बिवरण आन्तरिक राजस्व कार्यालयमा पेश गर्नुपर्ने हुन्छ, अन्यथा कुल कारोबार रकममा तोकिएको दरले शुल्क लाग्ने व्यवस्था आय कर ऐनमा रहेको छ । तर कुनै पनि संस्थाले समयमै आन्तरिक राजस्व कार्यालयमा आय बिवरण दाखिला गरेको देखिएन ।

२२. **सञ्चालक समिति** – व्यवस्थापनमा दक्ष, व्यवसायिक एवं पेशाविद्लाई मात्र संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व गराउने र सञ्चालक सदस्य संख्या ५ मा सीमित गर्ने नीति रहे तापनि केही संस्थामा यो व्यवस्था संस्थाको ऐन, नियमद्वारा नै तोकिएकोले यसमा संशोधन हुन नसकेकोले नीति कार्यान्वयन हुन सकेको छैन ।

२३. **सञ्चालन पारविन्दु** – संस्थाको कार्य प्रगति कार्य विशिष्टता तथा कार्य वातावरण एक आपसमा मिल्दोजुल्दो छैन । सुविधा सम्बन्धमा पनि निरन्तर मुनाफामा रहेका संस्थाहरुमा पारिश्रमिक, भत्ता आदि आर्थिक सरसुविधाहरु कुनै न कुनै रुपमा बढी प्रदान हुँदै आएका छन् । यस्ता सञ्चालन पारविन्दुभन्दा माथि भएका संस्थाहरुले पनि ऐन नियम, विनियम अनुसार भोलीका दिनमा भुक्तानी गर्नुपर्ने दायित्व जस्तै उपदान, पेन्सन,

सञ्चय कोष, बीमा लगायतका खर्च व्यवस्थाका सन्दर्भमा पनि जगेडा/दायित्व कोषको व्यवस्था नगरी सरकार उपर अदृश्य रुपमा असीमित आर्थिक दायित्व थोपरी रहेका छन् ।

२४. **वार्षिक हिसाब** – संस्थाहरुले लामो समयसम्म पनि आफ्नो वित्तीय विवरण नबनाउने वार्षिक हिसाब तयार नगर्ने, लेखापरीक्षण नगराउने, गराउन परेपनि आलटाल गरी ढिलाई गर्ने, नोक्सानीमा जाने संस्थाको व्यवस्थापनले आफ्नो वित्तीय स्थितिको ढाकछोप गर्ने प्रवृत्तिमा वृद्धि हुन थालेको छ । संस्थागत हित तथा लाभलाई विचार नगरी तजविजी कार्य गर्नेले पनि दण्ड भोग्नु नपर्ने, भयरहित वातावरण बनेको कारण यस्ता विकृतिहरु दिनपरदिन बढ्दै गइरहेका छन् ।

२५. **लेखापरीक्षण व्यहोरा** – लेखापरीक्षण भएका सरकारी पूर्ण स्वामित्व प्राप्त संस्थाको वासलात र नाफा नोक्सान हिसाबको तुलनात्मक वित्तीय विवरण सहित लेखापरीक्षण व्यहोरा सम्बन्धित संस्थाकै परिच्छेदमा उल्लेख गरिएको छ ।

- **अधिकांश स्वामित्वमा रहेका संगठित संस्था**

अधिकांश स्वामित्व भन्नाले ५० प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा सरकारको स्वामित्व भएको एवं सरकारको स्वामित्व भएको अन्य संगठित संस्थाले लगानी गरेकोमा पनि लगानी गर्ने संस्थामा सरकारको जति प्रतिशत स्वामित्व रहेको छ त्यति प्रतिशतसम्म सो लगानीमा पनि सरकारको स्वामित्व हुने देखिंदा यस्ता संस्थाको संख्या कति छ यकिन हुन सकेको छैन । अर्थ मन्त्रालयले पनि यस्ता संस्थाको संख्या यकिन गरे गराएको छैन । यस कार्यालयलाई जानकारी भएसम्म यस्ता संस्था २६ रहेका छन् ।

२६. **कानूनी व्यवस्था** – सरकारको अधिकांश स्वामित्व रहेका संगठित संस्थाहरुले लेखापरीक्षण ऐन, २०४८ को दफा ७ को उपदफा (३) अनुसार लेखापरीक्षक नियुक्त गर्न महालेखा परीक्षकको परामर्श लिनुपर्ने व्यवस्था छ । संगठित संस्थाले परामर्श माग गर्दा अपनाउनु पर्ने प्रक्रियाको सन्दर्भमा २०५५ मा यस कार्यालयबाट निर्देशन जारी भएको छ । तर संस्थाको सञ्चालक समितिले र व्यवस्थापनबाट यसको पालना भएको छैन ।

२७. **कार्यसम्पादन** – अधिकांश स्वामित्वमा रहेका संस्थामध्ये धेरैको कार्यसम्पादन सन्तोषजनक छैन । कति संस्थाको त अस्तित्वको निरन्तरता माथि प्रश्न उठाउन पर्ने अवस्था पनि सिर्जना भएको छ । नउठ्ने पुरानो असामीको शंकास्पद रकमको व्यवस्था नगर्नु, सम्भावित दायित्वलाई व्यवस्था हिसाब अन्तर्गत लेखामा नदर्शाउनु, गैर बैंकिङ्ग सम्पत्तिमध्ये कतिपय सम्पत्तिको स्वामित्वको प्रमाण नलिनु र भोगचलन पनि गर्न नसक्नु, लगानी नोक्सानी व्यवस्था गर्दा अङ्कित मूल्य र अर्न्तनिहित मूल्यलाई ध्यान नदिनु, संस्थाबाट सञ्चालित आयोजनाहरु विगत वर्षहरुदेखि नै कार्य सम्पन्न हुनुपर्नेमा निर्माणाधीन अवस्थामा रहनु, खुद पूँजी ऋणात्मक रहनु, लगानीको प्रतिफल प्राप्त नहुनु, आयको तुलनामा प्रत्यक्ष खर्चको भार कम गर्न नसक्नु आदि कारणबाट यस्ता संस्थाहरुको अवस्था नाजुक देखिएको छ । नाफामा सञ्चालित संस्थाले पनि लेखा सिद्धान्त अनुरुप हिसाब लेखाङ्कन नगरेबाट नाफा नोक्सानको स्थिति यकिन गर्न सक्ने अवस्था भएन ।

२८. **परामर्शको स्थिति** – लेखापरीक्षण ऐन, २०४८ को दफा ७ उपदफा (३) अनुसार नेपाल सरकारको अधिकांश स्वामित्व भएका जानकारी हुन आएसम्मका २६ संस्थामध्ये ६ संस्थाले २०६३।६४ सम्मकै, ७ संस्थाले २०६२।६३ सम्मको, ३ संस्थाले २०६१।६२ सम्मको, ३ संस्थाले २०५९।६० सम्मको र १ संस्थाले २०५८।५९ सम्मको लेखापरीक्षणको लागि परामर्श माग गरेका छन् । परामर्शको स्थिति निम्न तालिकाबाट दर्शाइएको छ:

| क्र.सं. | परामर्श माग गर्ने संस्था | लेखापरीक्षक नियुक्ति गर्न परामर्श लिएको वर्ष | लेखापरीक्षण भई प्रतिवेदन उपलब्ध गराएको वर्ष |
|---|---|---|---|
| १ | कृषि विकास बैङ्क | २०६३।६४ सम्म | २०६२।६३ सम्म |
| २ | निक्षेप बीमा तथा कर्जा सुरक्षण निगम | २०६३।६४ सम्म | २०६२।६३ सम्म |
| ३ | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड | २०६३।६४ सम्म | २०६२।६३ सम्म |
| ४ | नेपाल मेटल कम्पनी लिमिटेड | २०६३।६४ सम्म | २०६२।६३ सम्म |
| ५ | नेपाल स्टक एक्स्चेन्ज लिमिटेड | २०६३।६४ सम्म | २०६२।६३ सम्म |
| ६ | चिलिमे जल विद्युत कम्पनी | २०६३।६४ सम्म | २०६२।६३ सम्म |
| ७ | राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड | २०६२।६३ सम्म | २०६१।६२ सम्म |
| ८ | नेपाल इन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लिमिटेड | २०६२।६३ सम्म | २०६१।६२ सम्म |

| | | | |
|---|---|---|---|
| ९ | सुदूर पश्चिमाञ्चल ग्रामीण विकास बैङ्क | २०६२।६३ सम्म | २०६२।६३ सम्म |
| १० | नेपाल आयल निगम | २०६२।६३ सम्म | २०६०।६१ सम्म |
| ११ | नगर विकास कोष समिति | २०६२।६३ सम्म | २०६१।६२ सम्म |
| १२ | मेची सगरमाथा धान चामल निर्यात कम्पनी लिमिटेड (इन लिक्विडेसन) | २०६२।६३ सम्म | २०६०।६१ सम्म |
| १३ | सुदूर पश्चिमाञ्चल सेती महाकाली धान चामल निर्यात कम्पनी लिमिटेड ( इन लिक्विडेशन) | २०६२।६३ सम्म | २०६०।६१ सम्म |
| १४ | नेपाल औद्योगिक विकास निगम | २०६१।६२ सम्म | २०६०।६१ सम्म |
| १५ | घरेलु शिल्पकला बिक्री भण्डार लिमिटेड (इन लिक्विडेसन) | २०६१।६२ सम्म | २०५९।६० सम्म |
| १६ | नेपाल ओरिण्ड म्याग्नेसाइट (प्रा.) लिमिटेड | २०६१।६२ सम्म | २०५७।५८ सम्म |
| १७ | साझा स्वास्थ्य सेवा | २०५९।६० सम्म | – |
| १८ | मध्यमाञ्चल ग्रामीण विकास बैङ्क | २०५९।६० सम्म | २०६०।६१ सम्म |
| १९ | राष्ट्रिय बीमा संस्थान | २०५९।६० सम्म | २०५७।५८ सम्म |
| २० | नेशनल ड्रिलिङ कम्पनी अफ नेपाल | २०५८।५९ सम्म | २०५८।५९ सम्म |

परामर्श माग नगर्ने संस्थाहरु निम्नानुसार छन् :

| | |
|---|---|
| १ | बुटवल धागो कारखाना |
| २ | हिमाल सिमेण्ट उद्योग लिमिटेड |
| ३ | गोरखकाली रबर उद्योग |
| ४ | पूर्वाञ्चल ग्रामीण विकास बैङ्क |
| ५ | पश्चिमाञ्चल ग्रामीण विकास बैङ्क |
| ६ | मध्यपश्चिमाञ्चल ग्रामीण विकास बैङ्क |

हिमाल सिमेण्ट उद्योग लिमिटेड हाल सञ्चालनमा नरहेको र गोरखकाली रबर उद्योग लिमिटेड हाल निजिकरणमा गइसकेको छ ।

संस्थाबाट परामर्श माग भएको बखत तत्कालै परामर्श दिने गरिए तापनि संस्थाहरुले निर्दिष्ट समयमा लेखा तथा वित्तीय विवरण तयार गरी लेखापरीक्षण गराउन सकेका छैनन् । नेपाल औद्योगिक विकास निगमको २०६०।६१ र २०६१।६२ गरी २ वर्षको लागि लेखापरीक्षक नियुक्तिको परामर्श पठाएकोमा २०६१।६२ को अझै लेखापरीक्षण गराएको छैन । राष्ट्रिय बीमा संस्थानको २०५९।६० सम्मको बक्यौता लेखापरीक्षण गर्न परामर्श उपलव्ध गराएकोमा २०५७।५८ सम्मको मात्र लेखापरीक्षण गराएको छ । नेपाल ओरिण्ड म्याग्नेसाइट (प्रा.) लिमिटेडलाई २०६१।६२ सम्मको लेखापरीक्षक नियुक्तिको परामर्श तत्कालै उपलव्ध गराएकोमा २०५८।५९ सम्मको मात्र लेखापरीक्षण सम्पन्न गरेको छ ।

राष्ट्रिय सहकारी विकास बोर्डको लगानीमा सञ्चालित साझा स्वास्थ्य सेवा सहकारी संस्थालाई २०५९।६० को लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्तिको परामर्श उपलव्ध गराएकोमा सोको लेखापरीक्षण स्थिति जानकारी गराएको छैन । संस्था समेत सम्पर्कमा आएको पनि छैन ।

## समिति तथा अन्य संस्था

विकास कार्यको उद्देश्य प्राप्तिका लागि विभिन्न ऐन, नियम एवम् निर्णय अन्तर्गत सरकारद्वारा गठित ६७८ र गत विगतको बक्यौता ६५६ समेत १ हजार ३३४ इकाईको लेखापरीक्षण गर्नुपर्नेमा यो वर्षको ६४७ र बक्यौता ३७ समेत ६८४ इकाईको यो वर्ष लेखापरीक्षण सम्पन्न गरिएको छ ।

२९. **लेखा व्यवस्था** – अधिकांश समिति/संस्थाहरुको गठन आदेशमा ती संस्थाको लेखा सरकारले तोकिदिए बमोजिम हुने व्यवस्था भए तापनि हालसम्म कुनैको पनि लेखा प्रणाली र नीति तोकिएको छैन । केही संस्थाहरुले व्यवसायिक लेखा प्रणाली अपनाएको पनि देखिएको छ । कतिपय संस्थाहरुको लेखा नगदमा आधारित सिद्धान्त अनुरुप तयार गरेको उल्लेख भए तापनि लिनुपर्ने, दिनुपर्ने बाँकी समेत उल्लेख गरी आय–व्यय विवरण प्राप्त हुने गरेको छ । संस्था/समितिले हाल अपनाई आएको लेखा प्रणाली अनुरुप पूँजी, दायित्व र सम्पत्तिको अद्यावधिक स्थिति देखिने गरी हिसाब तयार नहुने र संस्थाहरुले तयार गरेको आय–व्यय हिसाबबाट यथार्थ वित्तीय स्थिति नदेखिने हुँदा कारोबारको यथार्थता दर्शाउन सकिने अवस्था भएन ।

समिति/संस्थाहरुको गठन सँगसँगै लेखा नीति र लेखा प्रणालीको व्यवस्था गर्नुपर्ने कुरा विगतदेखि औंल्याउँदै आए तापनि सुधारको सङ्केत देखिएको छैन ।

३०. **नियम विनियम** – समिति/संस्थाहरुको गठन उद्देश्यमा त्यस्ता संस्थाले आफ्नो सेवा कार्य प्रकृतिको छुट्टै आर्थिक प्रशासन सम्बन्धी नियम तथा विनियमको माध्यमबाट कारोबार सञ्चालन गर्ने नीति रहेको देखिन्छ । तर व्यवहारमा सरकारी आर्थिक प्रशासन सम्बन्धी ऐन, नियम नै प्रचलनमा रहेको, विनियमहरु तयार गरी सञ्चालन गरेकोमा समेत समयानुकूल संशोधन नभएको, अस्पष्ट र दोहोरो अर्थ लाग्ने जस्ता विविध व्यवस्था भएको पाइयो । उदाहरणको लागि नगर विकास ऐन, २०४५ को दफा २६ अनुसार समितिको कार्यमा सरलता ल्याउन आवश्यक नियमहरु बनाउन सक्ने र नियमावलीको अधिनमा रही सरकारको स्वीकृति लिई आवश्यक विनियम बनाउन सक्ने उल्लेख छ । हालसम्म पनि नियम तथा विनियम बनाएको छैन । यसबाट समिति एवम् समितिका पदाधिकारीको काम, कर्तव्य, अधिकार, कर्मचारी एवं पदाधिकारीका सुविधा सम्बन्धमा समेत स्पष्ट व्यवस्था हुन सकेको छैन । यस सम्बन्धमा तालुक निकायबाट सुपरिवेक्षण तथा अनुगमन गर्ने भरपर्दो व्यवस्था अवलम्बन गरेको देखिएन ।

३१. **उधारो तथा सापटी** – कतिपय समिति/संस्थाहरुले उधारोमा वस्तु तथा सेवा बिक्री गर्ने गरेका छन् । त्यस्तै बिभिन्न कार्यका लागि अन्य निकाय तथा कर्मचारीहरुलाई सापटी उपलब्ध गराउने गरेको पनि देखियो । यसरी दिएको सापटी तथा उधारो रकमको कार्य सम्पन्न भएपछि समयमै फछ्र्यौट भए नभएको अनुगमन गरी गराई हिसाब अद्यावधिक गराउनु पर्नेमा यसतर्फ सक्रियता आउन सकेको छैन । यस्तो रकम ४७ संस्थामा रु.१९ करोड ९५ लाख ४६ हजार बाँकी रहेको देखिएको छ ।

३२. **बेरुजूको स्थिति** – समिति र संस्थातर्फको बेरुजू फछ्र्यौट गरी सम्परीक्षण गराउने कार्यमा यो वर्ष केही सुधार भएको देखिए तापनि यसमा सम्बन्धित निकायले विशेष जागरुकता देखाएको छैन । यो वर्ष लेखापरीक्षणबाट रु.३ अरब ८८ करोड २४ लाख ७७ हजारको बेरुजू देखिएको छ । अधिकांश संस्थाहरुमा बेरुजूको रकमलाई भन्दा व्यवस्थापन एवं नीति नियममा समयमै सुधार गर्न बढी ध्यान दिनुपर्ने खालका उल्लेखनीय सैद्धान्तिक विषयहरु समावेश गरी प्रारम्भिक प्रतिवेदन मार्फत जानकारी गराउने गरिएको छ । वार्षिक प्रतिवेदन, २०६३ सम्मको समिति/संस्थाहरुको कुल बेरुजू रु.२३ अरब ५३ करोड ६८ लाख १७ हजार कायम भएकोमा यो वर्ष विभिन्न ३ मन्त्रालय अन्तर्गतका निकायको रु.११ करोड ५७ लाख ७२ हजार समायोजन गरी घटाइएको हुँदा रु.२३ अरब ४२ करोड १० लाख ४५ हजार कायम भएको छ । सो रकममा यो वर्ष सम्परीक्षणबाट रु.४ अरब ४६ करोड ७८ लाख २८ हजार लगत कट्टा भई यो वर्षको रु.३ अरब ८८ करोड २४ लाख ७७ हजार थप गर्दा कुल रु.२२ अरब ८३ करोड ५६ लाख ९४ हजार बेरुजू देखिएकोले गत वर्षसम्मकोभन्दा बेरुजू अङ्क घटेको छ ।

३३. **पेश्की** – यो वर्ष कर्मचारी पेश्की रु.१ करोड ६७ लाख ३२ हजार र अन्य पेश्की रु.१ अरब ५२ करोड ७३ लाख ३४ हजार समेत रु.१ अरब ५४ करोड ४० लाख ६६ हजार बाँकी देखिएको छ । अधिकांश समिति/सस्थाहरुले गत बिगतदेखिको पेश्की अद्यावधिक गरी आय–व्यय हिसाबमा जिम्मेवारी सार्ने गरेका छैनन् । यसले गर्दा सबै कारोबार समेटन सकेको छैन ।

उदाहरणार्थ: नेपाली सैनिक विमान सेवा व्यापारिक उडान विकास समितिले विमान मर्मत सुधारको लागि तीन विदेशी कम्पनीलाई प्रतितपत्रको माध्यमबाट रु.८८ लाख ४७ हजार पेश्की उपलब्ध गराएकोमा फछ्र्यौट गरेको छैन भने अद्यावधिक पेश्की विवरण समेत राखेको छैन । त्यसरी नै राष्ट्रिय खेलकुद परिषद्को पेश्की बाँकीमध्ये रु.८ करोड ६ लाख ९२ हजार वासलातमा देखाएको छैन ।

३४. **कार्य सञ्चालन कोष** – कार्य सञ्चालन कोष ऐन, २०४३ को दफा ४ अनुसार विभिन्न सरकारी कार्यालयहरुमा निश्चित उद्देश्य राखी कार्य सञ्चालन कोष स्थापना भएका छन् । महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको विवरण अनुसार ४२६ कार्य सञ्चालन कोषमा यो वर्ष रु.२ अरब १३ करोड ९६ लाख २० हजार मौज्दात रहेको छ । उक्त विवरणमा १२ इकाईले आर्थिक विवरण उपलब्ध नगराएको उल्लेख छ । यस्ता कोषहरुमध्ये स्थापनाको उद्देश्य अनुरुप कार्य सञ्चालनमा निष्क्रिय रही रु.१ करोडभन्दा बढी मौज्दात रहेका इकाई देहाय अनुसार छन् :

(रु.हजारमा)

| कोष | आय | व्यय | मौज्दात |
|---|---|---|---|
| राष्ट्रियस्तरको कल्याणकारी कोष | ४७०४७७ | ३१३ | ४७०१६४ |
| वातावरण संरक्षण कोष | ४०४०४ | - | ४०४०४ |
| पशु विकास फार्म, पोखरा | २६३६२ | - | २६३६२ |
| मानव अधिकार पुरस्कार | १६५८१ | - | १६५८१ |
| जग्गा विकास चक्रकोष | १२५०० | - | १२५०० |
| शिक्षाको लागि खाद्य | १०९११ | २३ | १०८९६ |

यसरी कोष स्थापना गरी कुनै काम नगर्ने र कोष उपयोग नगर्ने प्रक्रियामा सुधार हुनुअत्यन्त आवश्यक देखिन्छ ।

३५. **सञ्चित कोष दाखिला** – आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ३२ मा सरकारबाट प्राप्त रकम खर्च नभई बाँकी रहेमा सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०६२।६३ का सबै बजेट उप–शीर्षकको बचत रकम फ्रिज गर्नुपर्ने गरी तोकेको छ । यो वर्ष जिल्ला शिक्षा कोष गोरखा, तनहुँ र कास्कीले वर्षान्तमा खर्च नभई बाँकी रहेको क्रमशः रु.४४ लाख ४७ हजार, रु.७३ लाख ८० हजार र रु.११ लाख ९७ हजार समेत रु.१ करोड ३० लाख २४ हजार सञ्चित कोष दाखिला गरेको देखिएन ।

३६. **विश्वविद्यालय** – त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय र पोखरा विश्वविद्यालयको यो वर्ष रु.५ अरब २० करोड ३९ लाख ६५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । त्रिभुवन विश्वविद्यालय मातहतका सबै कार्यालय र आंशिक क्याम्पसको वित्तीय विवरण समावेश गरी एकीकृत आर्थिक विवरण पेश गर्ने नगरेकोले कार्यालयगत छुट्टाछुट्टै हिसाबले विश्वविद्यालयको समुच्च आम्दानी, खर्च, सम्पत्ति, दायित्व यकिन गर्न सकिने अवस्था छैन । यो वर्ष त्रिभुवन विश्वविद्यालयको कुल खर्च पेश्की बाहेक रु.२ अरब २२ करोड ७७ लाख ४८ हजार भएकोमध्ये रु.५३ करोड ३८ लाख ५९ हजार आन्तरिक स्रोतबाट व्यहोरेको छ ।

नेपाल सँस्कृत विश्वविद्यालयले एकीकृत आर्थिक विवरण पेश गरेको छैन । साथै यो विश्वविद्यालयले पेश्की बाहेक रु.११ करोड ६० लाख ५४ हजार खर्च गरेकोमध्ये रु.९९ लाख ६ हजार आन्तरिक स्रोतबाट व्यहोरेको छ । पोखरा विश्वविद्यालयको पेश्की बाहेक रु.२ करोड ९७ लाख १० हजार खर्चमध्ये रु.२ करोड ४१ लाख २४ हजार आन्तरिक स्रोतबाट व्यहोरिएको छ ।

त्रिभुवन विश्वविद्यालय र अन्तर्गतका निकायहरुले सञ्चालन गरेका कोषहरुको संख्या, रकम र सञ्चालनको स्थिति जानकारी गराएको छैन । त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चय कोष सम्बन्धी नियम, २०५० को नियम ८ मा कोषहरुको स्थापना र सञ्चालन गर्न विशेष वित्तीय कार्यप्रणाली स्वीकृत गरी लागू गर्नुपर्ने उल्लेख भए तापनि सो अनुरुप गरेको छैन । केन्द्रीय कार्यालयमा रहेका जनशक्ति विकास तथा कल्याण कोष, छात्रवृत्ति तथा पदक कोष, कर्मचारी सञ्चय कोष लगायत विभिन्न कोषको लेखापरीक्षण गराएको छैन । लेखापरीक्षणमा प्राप्त विवरण अनुसार यो विश्वविद्यालय र मातहत इकाईमा स्थापना गरिएका विभिन्न ३८ कोषमा रु.३९ करोड २९ लाख ६० हजार मौज्दात रहे तापनि सबै इकाईका कोषहरुको अद्यावधिक विवरण सहितको हिसाब पेश नभएकोले ती कोषहरुको यथार्थ स्थिति यकिन गर्न सकिने अवस्था रहेन ।

३७. **सञ्चालन नतिजा** – कपास विकास समितिको गत वर्षको तुलनामा यो वर्ष रु.३० लाख ७२ हजार नोक्सानी वृद्धि हुन गई रु.१२ करोड ६० लाख ९९ हजार पुगेको छ । उत्पादन कार्य नभई प्रशासनिक खर्च साविक बमोजिम नै भइरहेकोले नोक्सानी बढ्दै गएको छ । एशियाली विकास बैङ्कबाट लिएको ऋण रु.१५ करोड ६४ लाख ७० हजारको व्याज खर्चको व्यवस्था समेत गरेको छैन । व्याज र शाखा हिसाब बापत रु.७४ लाख ४६ हजार समेतको दायित्व व्यवस्था गर्ने हो भने नोक्सानी रकममा थप वृद्धि हुने देखिन्छ । सरकारी लगानी रु.२ करोड ८६ लाख ५ हजारभन्दा सञ्चित नोक्सानी रु.१२ करोड ६० लाख ९९ हजार देखिएकोले रु.९ करोड ७४ लाख ९४ हजार खुद सम्पत्ति ऋणात्मक छ । यसरी घाटामा गइरहेको समितिको निरन्तरता रहने देखिँदैन ।

३८. **संरक्षण शुल्क** – चितवन राष्ट्रिय निकुन्ज परिसरभित्र र बाहिर होटल तथा पर्यटन व्यवसाय सञ्चालन गर्न राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागले विभिन्न व्यवसायीहरुसँग सम्झौता गर्ने गरेको छ । ती व्यवसायीहरुले विभागलाई शुल्क तथा रोयल्टी बापत बुझाउनु पर्ने रकम बराबर राष्ट्रिय प्रकृति संरक्षण कोषलाई संरक्षण शुल्क पनि बुझाउनु पर्ने सम्झौतामा उल्लेख छ । संरक्षण शुल्क बापत त्यस्ता व्यवसायीसँग गत वर्षसम्मको रु.५८ लाख ६८ हजार समेत गरी यो वर्षसम्म रु.१ करोड २९ लाख २७ हजार असुल गर्न बाँकी देखिएको छ । होटल तथा रिसोर्टबाट सम्झौता अनुसार लिनुपर्ने जरिवाना सहितको संरक्षण शुल्क रकम वासलातको सम्पत्तिमा समावेश गरेको पनि छैन ।

३९. **अभिलेख** – श्री पशुपतिनाथमा भक्तजनहरुले चढाएको दक्षिणा, भेटी तथा जिन्सी सामानहरु मन्दीरको परम्पराअनुसार नगद तथा सून, चाँदी जस्ता बहुमूल्य वस्तुहरु मूल ढुकुटीमा र अन्य जिन्सी सामान बम्बई ढुकुटीमा दाखिला गर्ने गरेको देखियो । यसरी प्राप्त हुने मूल्यवान जिन्सी सामानहरुको हिसाब कार्यालयको वासलात तथा आय–व्यय विवरणमा समावेश गरेको छैन । ढुकुटीमा हालसम्म जम्मा भएको नगद तथा अन्य जिन्सी सामानको अद्यावधिक विवरण तयार नगर्नुको साथै त्यसको निरीक्षण गर्ने गरेको पाइएन । यस सम्बन्धमा विगत वर्षका प्रतिवेदनहरुबाट औंल्याउँदै आएको भए तापनि हिसाबमा नदेखाएकोले हिसाब अद्यावधिक गर्न जरुरी देखिएको छ ।

भक्तजनहरुले चढाएको भेटी, दक्षिणा, सून, चाँदी लगायतका बहुमूल्य वस्तुहरु प्रत्येक महिना श्री पशुपतिनाथको मन्दिरभित्र रहेको सेफमा जम्मा गरी नगद भेटीबाट सून खरिद गरी प्रत्येक वर्षको बालाचतुर्दशीका दिन मूल ढुकुटीमा दाखिला गर्ने परम्परा रहेको छ । यो वर्ष श्री पशुपतिनाथमा चढाएको सून १४ तोला ४ मासा ४ लाल र नगद भेटीबाट खरिद १३५ ग्राम सून मूल ढुकुटीमा दाखिला गरेको विवरण प्राप्त भएको छ । नेपाल राष्ट्र बैङ्कको २०६२।८।१३ को सून खरिद बिलमा २१० ग्राम खरिद गरेको देखिन्छ । यो वर्ष भक्तजनले चढाएको चाँदी ७१ तोला ४ मासा ८ लाल र खरिद १६ किलो ५०० ग्राम मूल ढुकुटीमा दाखिला गरेको विवरण पनि पेश भएको छ । मूल ढुकुटीमा दाखिला हुँदै आएको सून, चाँदीको अद्यावधिक अभिलेख राखेको देखिएन ।

४०. **विशेष पूजा** – श्री पशुपतिनाथ मन्दिरमा भक्तजनले आयोजना गर्ने विशेष पूजा सरल, सुविधायुक्त र व्यवस्थित रुपले सञ्चालन गर्नको लागि पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्को २०५५।४।१९ को निर्णयले छुट्टै व्यवस्था गरेको छ । जस अनुसार भक्तजनहरुले पूजा गर्न कार्यालयमा नाम दर्ता गर्नुपर्ने र तोकिएबमोजिम पूजा खर्च रकम दाखिला गरी सो बापतको रसिद लिई पूजा सम्पन्न गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी कार्यालयमा दाखिला हुने रकमबाट परिषद्ले २०६२।२।२ मा तोकेबमोजिमको रकम अक्षय कोष, विकास कोष र मूल ढुकुटीमा जाने तथा बाँकी रहेको रकम पूजारीलाई पूजा सञ्चालनको लागि उपलव्ध गराउने व्यवस्था छ । कार्यालयको विवरण अनुसार ३ हजार ३८२ विशेष पूजाबाट रु.१ करोड १४ लाख ८७ हजार आम्दानी भएमध्ये रु.९ लाख ३ हजारको मात्र कार्यालयले रसीद काटेको छ । बाँकी रु.१ करोड ५ लाख ८४ हजारको ४ भट्ट मार्फत सोझै पूजा सम्पन्न गरेको देखिएकोले सञ्चालक परिषद्को उक्त निर्णयको कार्यान्वयन भएको देखिएन ।

४१. **खयर काठ बिक्री** – सागरनाथ वन विकास परियोजनाबाट उत्पादित वन पैदावर बिक्रीको लागि २०६२।७।१५ मा प्रकाशित सूचना अनुसार खयर गोलिया काठ खरिदको लागि पर्न आएको प्रस्तावमध्ये एक उद्योगको रु.५८१।– प्रतिक्यूफिटको दरले १४ हजार ७०० क्यूफिट काठ बिक्री गर्ने २०६३।२।९ मा निर्णय भएको देखिन्छ । प्रस्ताव स्वीकृतको क्रममा आर्थिक वर्षको अन्त्य हुन लागेकोले आगामी २०६३।६४ मा बिक्री कारोबार गर्ने भनी उक्त उद्योगसँग कुनै सम्झौता गरेको देखिएन । प्रस्तावसाथ संलग्न बैङ्क ग्यारेण्टीको म्याद २०६३।७।२६ सम्म थप गरेपनि सो पश्चात कुनै कारबाही भएको देखिएन । समितिले सम्झौताको लागि २०६३।३।१ मा एक पटक मात्र पत्र लेखेकोमा म्यादभित्र सम्झौता गर्न नआएपछि काठ खरिदकर्ताले प्रस्तावसाथ पेश गरेको बैङ्क ग्यारेण्टी रु.१० लाख आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ११० अनुसार जफत गर्नुपर्नेमा सो समेत गरेको देखिएन ।